स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'आबाट आमा' ले आइतबार प्रदर्शनको ५१ दिन मनाएको छ। यस अवसरमा राजधानीमा आयोजित समारोहमा निर्माताले प्राविधिक, कलाकार, संचारकर्मी, वितरक, प्रदर्शकलाई सम्मान पत्र प्रदान गरे। सो अवसरमा निर्देशक चन्द्र पन्तले साथको लागि दर्शकलाई धन्यवाद दिए। उनका अनुसार, फिल्मले आइतबार मुलुकका २५ हलमा प्रदर्शनको यो उपलब्धि हासिल गरेको हो।

**आजको विचार...**



खाडी...
*(दुई पेजमा)*

आनन्दप्रसाद पोखरेल



नेपाली फिल्म उद्योग यतिबेला निकै चलायमान देखिएको छ। आधा दर्जनभन्दा बढी फिल्म अहिले छायाँनमा छन् भने त्यतिकै सङ्ख्यामा निर्माणको तयारीमा छन्। फरक यतिमात्र हो कि, कोही नायक चितवनको गर्मीमा एक्सन कटमा पसिना बगाइरहेका छन् भने कोही पोखराका ग्रामीण बस्तीमा क्यामेरा अगाडि दृश्यहरु दिँदैछन्। फिल्मको सुटिङ पूर्वको तयारीमार्फत आफूलाई परिष्कृत गर्दै छन्। लभर ब्वाईको छवि बनाएका अभिनेता प्रदीप खड्का अहिले चितवनको गर्मीमा 'ऐरी' फिल्मको छायाँनमा पसिना बगाइरहेका छन्।

❐ वर्ष ३१ ❐ अंक २३४ ❐ २०८२ चैत ९ गते सोमबार 23 March 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### डार्फर अस्पताल आक्रमणमा ६४ को मृत्यु

(रासस/एपी)

**कायरो,** चैत ९/युद्धग्रस्त सुडानमा स्वास्थ्य संरचनामाथिको आक्रमण थप भयावह बन्दै गएको छ । यहाँ पश्चिमी डार्फर क्षेत्रको एक अस्पतालमा गरिएको प्रहारमा कम्तीमा ६४ जनाको ज्यान गएको विश्व स्वास्थ्य सकायरो, ठनले जनाएको छ । मृतकमध्ये १३ जना बालबालिका रहेका छन्, जसले द्वन्द्वको मानवीय मूल्य अझ गम्भीर बनाएको छ । विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस गेब्रेयससका अनुसार गत शुक्रबार पूर्वी डार्फरको अल डेइन शिक्षण अस्पतालमा भएको आक्रमणमा कम्तीमा ८९ जना घाइते भएका छन् । आक्रमणपछि अस्पताल पूर्ण रूपमा निष्क्रिय बनेको छ, जसले घाइते र बिरामीहरूको उपचारमा गम्भीर सङ्कट सिर्जना गरेको छ । सुडान सन् २०२३ अप्रिलदेखि गम्भीर द्वन्द्वमा फसेको छ । यस मुलुकमा नियमित सेना र अर्धसैनिक द्रुत समर्थन बलबीचको शक्ति सैर्ष व्यापक युद्धमा परिणत भएको छ । यही द्वन्द्वकै क्रममा नागरिक पूर्वाधार, विशेषगरी स्वास्थ्य संस्थाहरू बारम्बार निशानामा पर्दै आएका छन् । अस्पतालमा भएको यस पछिल्लो आक्रमणका विषयमा दुवै पक्षले एकअर्कामाथि आरोप-प्रत्यारोप गरेका छन् । द्रुत समर्थन बलले उक्त आक्रमण सेनाबाट भएको दाबी गरेको छ भने सेनाले अस्पतालमा आक्रमण गरिएको अस्वीकार गरेको छ ।

# बस्ती संरक्षण गर्न १४ स्थानमा तटबन्ध

**रासस**

**ढोरपाटन (बागलुङ),** चैत ८/चालु आर्थिक वर्षमा बागलुङका १४ स्थानमा बस्ती संरक्षणका लागि तटबन्ध गर्न थालिएको छ । बर्खाको समयमा कटानको जोखिममा रहेकाले बस्ती संरक्षण गर्न थालिएको हो ।

गण्डकी प्रदेशले चालु आर्थिक वर्षमा विनियोजन गरेको बजेटले जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङमार्फत तटबन्धन तथा नदी नियन्त्रण गर्न थालिएको हो । गत वर्ष २५ स्थानमा तटबन्ध गरिएको थियो । यस वर्ष बागलुङ नगरपालिकाको दुई, गलकोट नगरपालिकाको ६, बडिगाड गाउँपालिकाको तीन, ढोरपाटन नगरपालिकाको एक र बरेङ गाउँपालिकाको दुई स्थानमा तटबन्ध गर्न थालिएको हो । रु एक करोड ३० लाख लागतमा १४ स्थानमा तटबन्ध गरिने जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका सूचना अधिकारी सुवोध नेपालले जानकारी दिए । उनका



अनुसार बागलुङ-३ सिगाला र वडा नं १२ गङ्खाल्टामा तटबन्ध गरिने छ । सबैभन्दा बढी तटबन्ध गलकोटमा हुँदै छ । गलकोट-५ मा खहरेखोला, वडा नं ९ को दरमखोला, वडा नं ३ गौदीखोला र दरमखोला, वडा नं २ को नरेठाँटीखोला र वडा नं ११ को काउछेरिगमा तटबन्ध गर्न थालिएको छ । बडिगाड गाउँपालिका-५ र ६ मा बडिगाड खोला तथा खहरेखोला, ढोरपाटन-५ स्थित भुजीखोलामा तथा बरेङ गाउँपालिका-२ स्थित हुग्दिखोलाको दुई स्थानमा तटबन्ध गरिने सूचना अधिकारी नेपाल बताउन्छन् । उनले भने, "प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट १४ स्थानमा बस्ती संरक्षण गर्नेगरी तटबन्धको काम सुरु भएको छ, अधिकांश योजनाको सम्झौता गरेर काम अगाडि बढेका छन्, केही योजना सम्झौताकै चरणमा रहेका छन् ।"गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बर्खामा साना तथा ठूला खोलामा पानीको सहत बढ्दा बस्ती नै जोखिममा परेको हुँदा पछिल्लो केही वर्षदेखि बस्ती संरक्षणको काम गर्दै आएको बताए । नगरपालिका र प्रदेश सरकारको लगानीमा दरमखोला तथा गौदीलोखाको विभिन्न क्षेत्रमा तटबन्धनको काम गर्दै आएको उनको भनाइ छ । प्रदेश सरकारको लगानीमा यस वर्ष गलकोटमा रु ५५ लाखको लागतमा ६ तटबनध गर्न थालिएको छ ।

## डढेलोबाट जोगिऔं र जोगाऔं।

-सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
-डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, डढेलोबाट जोगिन
-जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
-सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
-चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
-डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
-डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,
वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# पाल्पामा टिपर दुर्घटना हुँदा चार जनाको मृत्यु

**कृष्ण पोखरेल**

**पाल्पा**, चैत ८/पाल्पामा शनिबार बेलुकी भएको टिपर दुर्घटनामा परी ४ जनाको मृत्यु भएको छ । माथागढी गाउँपालिका-७ रहबासस्थित झडेवा-रहबास भित्री कच्ची सडकखण्डमा बेलुकी करिब ६ बजे लु २ ख ४५२५ नम्बरको टिपर दुर्घटना भएको हो ।

मृत्यु हुनेमा अर्घाखाँचीको शीतगंगा नगरपालिका-४ सिद्धारका २६ वर्षीय चिन्ता बहादुर सुनार, सोही ठाउँकै २६ वर्षीय सुनिल वि.क., रुपन्देही देवदह नगरपालिका -२ खैरेनीका २६ बषिय सुनिल नेपाली र भैरहवा मेडिकल कलेज रुपन्देहीमा उपचारको क्रममा तानसेन नगरपालिका-१० पटुवाका ३३ वर्षीय राजन चिदीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायव उपरिक्षक होम प्रकाश चौधरीले बताए । चिदीको



लुम्बिनी मेडिकल कलेज तानसेन बाट थप उपचारको लागी भैरहवा मेडकल कलेज रिफर गरिएको थियो । पाल्पा प्रहरीका अनुसार सो खाली टिपर झडेवाबाट रहबास चुनढुंगा खानीतर्फ जाँदै गर्दा सडकबाट करिब ५० मिटर तल खसेको थियो । दुर्घटनाको थप अनुसन्धान भईरहेको पाल्पा प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## नेपालमा विश्व मौसम दिवसको औचित्य

हरेक वर्ष मार्च २३ मा मनाइने विश्व मौसम दिवसले मौसम तथा जलवायु प्रणालीको महत्वलाई उजागर गर्ने महत्वपूर्ण अवसर प्रदान गर्दछ । नेपाल जस्तो भौगोलिक विविधता भएको देशका लागि मौसमको अध्ययन, पूर्वानुमान र व्यवस्थापन झन् बढी संवेदनशील विषय हो । हिमाल, पहाड र तराईसम्म फैलिएको विविध भौगोलिक बनोटले गर्दा यहाँको मौसम छिटो-छिटो परिवर्तन हुने र त्यसले जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । पछिल्लो समय जलवायु परिवर्तनका कारण मौसम प्रणालीमा देखिएको असन्तुलनले नेपालमा विभिन्न प्राकृतिक विपद्का जोखिम बढाएको छ । असमय वर्षा, अत्यधिक वर्षा, खडेरी, हिमपहिरो तथा बाढी-पहिरो जस्ता घटनाहरू दिनानुदिन बढिरहेका छन् । यस्ता घटनाले कृषि उत्पादन, पूर्वाधार विकास तथा जनजीवनमा गम्भीर असर पारिरहेका छन् । कृषिमा निर्भर ठूलो जनसंख्याका लागि मौसमको सटीक जानकारी अझै पनि जीवनयापनसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । यस्तो अवस्थामा विश्व मौसम दिवस मनाउनु केवल औपचारिकता नभई सचेतना र तयारीको अवसरका रूपमा लिनुपर्छ । मौसम पूर्वानुमान प्रणालीलाई अझ आधुनिक र विश्वसनीय बनाउन आवश्यक छ । दुर्गम क्षेत्रमा समेत समयमै सूचना पुर्‍याउने संयन्त्र विकास गर्नु आजको आवश्यकता हो । सूचना प्रविधिको प्रयोगमार्फत किसान, सर्वसाधारण र सम्बन्धित निकायबीच समन्वय बढाउनु जरुरी छ ।

सरकारले मौसम तथा जलवायु सम्बन्धी अनुसन्धानमा लगानी बढाउनुपर्ने आवश्यकता छ । विद्यालय तथा समुदायस्तरमै मौसमसम्बन्धी सचेतना अभिवृद्धि गर्न सके भविष्यका जोखिम न्यूनीकरणमा ठूलो योगदान पुग्नेछ । यससँगै वातावरण संरक्षण, वनजंगलको जगेर्ना तथा दिगो विकासका अभ्यासलाई जोड दिनु अपरिहार्य छ । अन्ततः, मौसम केवल प्राकृतिक प्रक्रिया मात्र होइन, मानव जीवन र विकाससँग गहिरो रूपमा जोडिएको विषय हो। विश्व मौसम दिवसले हामीलाई यही यथार्थ स्मरण गराउँदै, जिम्मेवार र सचेत बन्न प्रेरित गर्दछ । नेपालजस्तो संवेदनशील देशका लागि यस दिवसको सान्दर्भिकता अझ गहिरो छ, जसलाई व्यवहारमा उतार्नु आजको आवश्यकता हो ।

### Opinion @ Social Network


उडाउने सपना देखाएर
पखेटा काटिदिने धेरै छन यहाँ ।
*(ओम सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/Om.Sunar)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# खाडी संकटले निम्त्याएको राष्ट्रिय एकताको खाँचो



**आनन्दप्रसाद पोखरेल**

> *खाडी संकटले अब यही कमजोरीलाई उदाङ्याइदिन सक्छ । यदि हामीले समयमै यसलाई सम्बोधन गर्न सकेनौं भने हामी गम्भीर आर्थिक, सामाजिक र राजनीतिक कुचक्रमा फस्नेछौं । हामी लामो समयदेखि एउटा भ्रममा बाँचेका छौं- बाह्य संकट आउँछ र समयसँगै समाधान हुन्छ । तर खाडी संकटले देखाउँदै छ कि समस्या बाहिर होइन, हामीभित्र छ । दशकौंदेखि रेमिट्यान्समा टिकेको अर्थतन्त्र, आयातमा आधारित उपभोग र उत्पादन क्षेत्रको उपेक्षाले नेपाललाई अत्यन्त कमजोर बनाएको छ। साउदी अरेबिया, कतार र यूएई लगायतका देशहरूमा पसिना बगाउने नेपाली श्रमिकहरूले पठाएको पैसाले देश चलेको यथार्थ हो । तर ती आधार नै हल्लिए भने त्यो केवल आर्थिक संकट मात्र हुनेछैन, हाम्रो सिङ्गो अर्थतन्त्रलाई नै धराशयी बनाइदिने निश्चित छ । यदि खाडी क्षेत्रमा युद्ध चर्कियो भने यसको असर नेपालमा मात्र होइन, क्रमशः नेपालीलाई रोजगारी दिने मुलुक मलेसिया, इजरायल र खाडी मुलुकले पूर्ववत् अवस्थामै रोजगारी उपलब्ध गराउन सक्ने छैनन् । यसले सिङ्गो युरोपलाई पनि त्यति नै प्रभावित पार्दै छ । यससँगै वैदेशिक रेमिट्यान्समा टिकेको हाम्रो अर्थतन्त्रमा ठूलो संकट आएर बज्रिनेछ।*

विश्व फेरि एकपटक शक्ति सैर्षको भुमरीमा तानिएको छ। संयुक्त राज्य अमेरिका र इरानबिच चर्किँदै गएको तनाव केवल क्षेत्रीय द्वन्द्वको सङ्केत मात्र होइन् यसले विश्व शान्ति, ऊर्जा आपूर्ति, अन्तर्राष्ट्रिय व्यापार र राजनीतिक सन्तुलनलाई नै अस्थिर बनाउने गम्भीर सङ्केत दिएको छ । यो द्वन्द्वलाई सतही रूपमा हेर्दा सामान्य शक्ति सैर्ष जस्तो देखिए पनि यसको गहिराइमा विश्व प्रभुत्वको प्रतिस्पर्धा, ऊर्जा स्रोतमा नियन्त्रण, हतियारको बजार र आर्थिक वर्चस्वको लडाइँ लुकेको छ। प्यालेस्टाइनबाट सुरु भएको युद्ध इरानसम्म फैलिन पुगेको छ । भोलि यो कहाँसम्म फैलिने हो, अनिश्चित छ । युद्धले इतिहासमा कहिल्यै स्थायी विजेता जन्माएको छैन । यसले केवल मानवता, शान्ति र सभ्यतालाई हराएको छ । तर यो आलेख विश्व युद्धको चर्चामा केन्द्रित छैन । नेपालमा यसको प्रभाव के-कसरी पर्छ भन्नेमा आलेख केन्द्रित छ । वैश्विक संकटले नेपाललाई कति गहिरो असर पार्न सक्छ र त्यसबाट बच्न हामीले के गर्नुपर्छ भन्ने महत्त्वपूर्ण प्रश्न हो । किनभने युद्ध सुरु भएको केही दिनमै नेपालमा यसको नकारात्मक प्रभाव देखिन थालेको छ ।

अब ढिला गर्नु भनेको जोखिमलाई निम्त्याउनु हो । त्यसैले आन्तरिक तयारी तत्काल सुरु गर्नु अपरिहार्य छ । यसको पहिलो आधार राष्ट्रिय एकता हो । सबैभन्दा कठिन तर यथार्थ प्रश्न यही हो- के नेपाल यस्तो वैश्विक झट्का सहन सक्षम छ? उत्तर सन्तोषजनक छैन । नेपाल अझै आत्मनिर्भर छैन, हाम्रो तयारी अधुरो छ र दीर्घकालीन राष्ट्रिय दृष्टि स्पष्ट छैन। खाडी संकटले अब यही कमजोरीलाई उदाङ्याइदिन सक्छ । यदि हामीले समयमै यसलाई सम्बोधन गर्न सकेनौं भने हामी गम्भीर आर्थिक, सामाजिक र राजनीतिक कुचक्रमा फस्नेछौं । हामी लामो समयदेखि एउटा भ्रममा बाँचेका छौं- बाह्य संकट आउँछ र समयसँगै समाधान हुन्छ । तर खाडी संकटले देखाउँदै छ कि समस्या बाहिर होइन, हामीभित्र छ । दशकौंदेखि रेमिट्यान्समा टिकेको अर्थतन्त्र, आयातमा आधारित उपभोग र उत्पादन क्षेत्रको उपेक्षाले नेपाललाई अत्यन्त कमजोर बनाएको छ। साउदी अरेबिया, कतार र यूएई लगायतका देशहरूमा पसिना बगाउने नेपाली श्रमिकहरूले पठाएको पैसाले देश चलेको यथार्थ हो । तर ती आधार नै हल्लिए भने त्यो केवल आर्थिक संकट मात्र हुनेछैन, हाम्रो सिङ्गो अर्थतन्त्रलाई नै धराशयी बनाइदिने निश्चित छ । यदि खाडी क्षेत्रमा युद्ध चर्कियो भने यसको असर नेपालमा मात्र होइन, क्रमशः नेपालीलाई रोजगारी दिने मुलुक मलेसिया, इजरायल र खाडी मुलुकले पूर्ववत् अवस्थामै रोजगारी उपलब्ध गराउन सक्ने छैनन् । यसले सिङ्गो युरोपलाई पनि त्यति नै प्रभावित पार्दै छ । यससँगै वैदेशिक रेमिट्यान्समा टिकेको हाम्रो अर्थतन्त्रमा ठूलो संकट आएर बज्रिनेछ। त्यसैले त्यसअगावै हामीले के गर्ने हो भनी विचार गर्नुपर्ने हुन्छ । सुरुमा यसबाट इन्धन अभाव र मूल्यवृद्धिले जनजीवन थिचिनेछ । बजारमा अस्थिरता बढ्नेछ र वैदेशिक रोजगारीमा त्रास फैलिनेछ । त्यसपछि रेमिट्यान्स घट्ने, श्रमिकहरू स्वदेश फर्किने र उद्योग उत्पादन खस्किने क्रम सुरु हुनेछ । अन्ततः यही अवस्था आर्थिक मन्दी, स्थायी बेरोजगारी र सामाजिक असन्तोषमा परिणत हुन सक्छ। यो कुनै अतिरञ्जित विश्लेषण होइन, यो हाम्रो संरचनात्मक कमजोरीको स्वाभाविक परिणाम हुनेछ । यस्तो अवस्थामा राजनीतिक नेतृत्वको भूमिका निर्णायक हुन्छ। संकटले सधैं नेतृत्वको वास्तविकता देखाउँछ । तर विगतले देखाएको छ- निर्णयमा ढिलाइ, नीतिगत अस्थिरता र भ्रष्टाचारले हाम्रो शासन प्रणालीलाई कमजोर बनाएको छ । यदि यही प्रवृत्ति कायम रह्यो भने खाडी संकटले नेपाललाई बाह्य झट्काभन्दा बढी आन्तरिक विघटनतर्फ धकेल्नेछ। अब प्रश्न स्पष्ट छ- के हाम्रो नेतृत्व समाधानको हिस्सा बन्छ कि समस्याकै हिस्सा रहन्छ ? अर्थतन्त्रको सन्दर्भमा पनि दृष्टिकोण बदल्नैपर्छ । संकट व्यवस्थापन भनेको केवल राहत वितरण होइन । यो अर्थतन्त्र पुनर्संरचना गर्ने ऐतिहासिक अवसर हो । उत्पादनलाई प्राथमिकता दिने, आयातमा संयम अपनाउने, साना तथा मझौला उद्योगलाई संरक्षण गर्ने र आन्तरिक लगानीलाई प्रोत्साहन गर्ने स्पष्ट नीतिबिना दीर्घकालीन समाधान सम्भव छैन। रेमिट्यान्समा आधारित मोडेल अब दीर्घकालीन रूपमा टिक्न सक्दैन भन्ने यथार्थ स्वीकार्नैपर्छ । यसैबिच, वैदेशिक रोजगारीबाट फर्किने श्रमिकहरूलाई बोझका रूपमा होइन, सम्भावनाका रूपमा हेर्नुपर्ने समय आएको छ । उनीहरूको सीप, अनुभव र श्रमशक्तिलाई सही ढङ्गले उपयोग गर्न सकियो भने यही जनशक्ति नेपालको पुनर्निर्माणको आधार बन्न सक्छ । कृषि, निर्माण र प्रविधि क्षेत्रमा नयाँ ऊर्जा ल्याउने क्षमता यही वर्गमा निहित छ। नेपालमा कृषि क्रान्तिको नयाँ अवसर पनि सिर्जना हुन सक्छ । खाडी संकटले अर्को गहिरो सत्य पनि उजागर गर्छ । ऊर्जा र खाद्यमा निर्भरता राष्ट्रका लागि गम्भीर जोखिम हो । जलविद्युत्को अधिकतम उपयोग, विद्युतीय सवारीको विस्तार र कृषि उत्पादनमा आत्मनिर्भरता अब केवल विकासका एजेन्डा होइनन्ह यी राष्ट्रको सुरक्षासँग जोडिएका अनिवार्य प्राथमिकता हुन् । यसबाट नेपाललाई स्वाधीन र आत्मनिर्भरताको बाटोतर्फ लैजान सकिन्छ । विदेश नीतिमा पनि नेपालले सन्तुलन र स्वाभिमान कायम राख्नुपर्छ । कुनै शक्ति ब्लकमा झुक्ने होइन, राष्ट्रिय हितलाई केन्द्रमा राखेर सन्तुलित कूटनीति अपनाउनु आजको आवश्यकता हो । असंलग्नता र तटस्थताको असल छिमेक नीति कायम राख्दै 'पराई कोही छैन, सबै मित्र' भन्ने मान्यता स्थापित गरी विकास र आर्थिक कूटनीतिक सम्बन्ध बलियो बनाउनुपर्छ ।

संकटको समयमा सूचना व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । अफवाह, भ्रम र डरले समाजलाई कमजोर बनाउँछ। त्यसैले तथ्यमा आधारित सूचना प्रवाह, जिम्मेवार सञ्चार र सामाजिक विश्वासको संरक्षण अनिवार्य छ । अन्ततः सबैभन्दा ठूलो शक्ति राष्ट्रिय एकता नै हो । इतिहासले देखाएको छ- नेपाल एकताबद्ध हुँदा कुनै पनि संकटले यसलाई झुकाउन सकेको छैन । तर आजको चुनौती फरक छ । यो बाह्य आक्रमण मात्र होइन, हाम्रो आन्तरिक कमजोरीको परीक्षा पनि हो। त्यसैले दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय सहमति, साझा दृष्टि र सहकार्यको भावना आजको अपरिहार्य आवश्यकता हो। खाडी संकट नेपालका लागि चेतावनी, परीक्षा र अवसर हो । चेतावनी- हाम्रो निर्भरता कति जोखिमपूर्ण छ भन्नेह परीक्षा- हाम्रो नेतृत्व कति सक्षम छ भन्ने र अवसर- हाम्रो विकासको दिशा सुधार गर्ने । अबको समय यथास्थितिमा अड्किने होइन, साहसी निर्णय गर्ने हो । इतिहासले अवसर दिन्छ, तर सधैं कुर्दैन । यदि हामीले अहिले पनि स्पष्ट नीति, जिम्मेवार नेतृत्व र राष्ट्रिय एकतालाई सुदृढ बनाउन सकेनौं भने खाडी संकट केवल बाह्य घटना रहने छैन, यो नेपालको आन्तरिक संकट बन्नेछ । तर हामी एकताबद्ध भयौं, दूरदर्शी सोच राख्यौं र सही निर्णय लिन सक्यौं भने यही संकट आत्मनिर्भर, सशक्त र नयाँ नेपालको आधार बन्न सक्छ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउने छ । स्वादिष्ट भोजनपनि पाईनेछ । | **तुला** : धन लाभपनि हुनेछ । मित्रबाट विशेष साथ र सहयोग मिल्नेछ । |
| **वृष** : अकस्मात् धन सम्पत्ति हात पर्ने छ । शुभकार्यको चर्चापनि चल्नेछ । | **वृश्चिक** : पारिवारिक समस्या आइपर्ला। विचार गरी निर्णय लिदाँ ठिक होला । |
| **मिथुन** : बुद्धिले लक्ष्य पहिल्याउन सकिने छ । बोलीले कार्य सम्पादन हुनेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रूची बढ्नेछ। पारिवारिक सद्भा बढ्नेछ । |
| **कर्कट** : जोश जाँगर र हिम्मत बढ्नेछ । सुखद् यात्राको योजना बन्ला । | **मकर** : आफ्नो क्षेत्रमा हक जमाउन सकिनेछ । अतिथीको आगमन हुनेछ । |
| **सिंह** : इच्छा पूर्ण हुनेछन् । धनार्जनका नयाँ योजना र स्रोतहरू पत्ता लाग्नेछन् । | **कुम्भ** : व्यावसायिक काममा राम्रै फड्को मारिनेछ । तिर्थाटनको योगपनि छ । |
| **कन्या** : मनमा शान्ति कान्ति छाउनेछ । पारिवारिक साथ र सहयोग मिल्नेछ । | **मीन** : बोलीको विपरीत अर्थ लाग्नेछ । काम बिग्रने र प्रेममा मनमुटाव आउला । |

# शिक्षा

## वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयमा भर्ना सुरु




**निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) का महासचिव आरबी कटवालले केही विद्यालयले आन्तरिक रूपमा त्यस्ता गतिविधि सञ्चालन गरेको हुनसक्ने सम्भावना नकार्न नसकिने भन्दै यसबारे औपचारिक वा प्रमाणिक जानकारी आफूहरूसँग आइनपुगेको बताए । प्याब्सनको स्पष्ट धारणा भनेको सधैँ जस्तै, शैक्षिक सत्र औपचारिक रूपमा समाप्त भई अन्तिम नतिजा प्रकाशन भएपछि मात्र नयाँ भर्ना प्रक्रिया सुरु गर्ने भन्ने हो ।**

'सीमित सिटका लागि भर्ना खुलेको छ, विद्यालयबाट फारम वितरण भइरहेकाले लिन सक्नुहुनेछ ।' यस्ता सूचना र विज्ञापन आजभोलि निजी विद्यालयका वेबसाइट र सूचनापाटीमा देख्न सकिन्छ । वार्षिक परीक्षा सम्पन्न नहुँदै काठमाडौँ उपत्यकालगायत विभिन्न क्षेत्रका अधिकांश निजी विद्यालयले शिक्षा नियमावली विपरीत नयाँ शैक्षिक सत्र, २०८३ का लागि भर्ना प्रक्रिया सुरु गरेका हुन् । नियमविपरीत भर्ना सुरु गर्ने क्रम यसअघिका वर्षमा पनि हुँदै आएका थिए । सँघीय र स्थानीय सरकारले नियमावलीलाई पालना गरेर हरेक वैशाखमा मात्रै भर्ना खोल्न आग्रह गर्दै आए पनि निजी (संस्थागत) विद्यालयले यसको निरन्तर उलैन गर्दै आएका छन् । उदाहरणका लागि काठमाडौँको ज्ञानेश्वरस्थित ग्यालेक्सी पब्लिक स्कुल र ललितपुरको हात्तीवनस्थित लिटिल एन्जल्स स्कुलले चैत महिनाभरि कक्षा एकदेखि आठसम्मका लागि भर्ना प्रक्रिया सुरु हुनेबारे सूचना जारी गरेका छन् । काठमाडौँको बुद्धनगरस्थित रोजबर्ड स्कुलले कक्षा १ देखि ६ सम्मका लागि भर्ना फारम वितरण गरेको छ । भक्तपुरको माउन्ट एभरेष्ट स्कुलले पनि भर्ना खुल्ला भइसकेको सूचना राखेको छ । यस्ता उदाहरण बर्गेल्ती भेटिन्छन् । खासगरी नयाँ भर्ना गर्ने विद्यार्थीका लागि फारम भराउने र प्रवेश परीक्षा लिने काम अधिकांश निजी विद्यालयले चैतको तेस्रो साताभित्र सकाउने गरी आन्तरिक कार्यतालिका बनाएका छन् । शिक्षा नियमावली (दशौँ संशोधन), २०७७ को दफा ७८ (ग) मा वार्षिक परीक्षाको लब्धाङ्कपत्र र स्थानान्तरण प्रमाणपत्र प्राप्त भएपछि मात्रै भर्ना प्रक्रिया सुरु गर्नुपर्ने प्रबन्ध गरिएको छ । काठमाडौँ महानगरका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ ले पनि सँघीय ऐन, नियमबमोजिम विद्यार्थी भर्ना, शुल्क, वार्षिक परीक्षालगायत विषयमा स्पष्ट पारेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विद्यालय तहको सञ्चालन र व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्र रहेको सन्दर्भमा ऐन, नियमको पालनाका लागि कुनै जटिलता आएमा केन्द्र सरकारले चासो राख्ने बताए । काठमाडौँ महानगरपालिकाको शिक्षा विभागका प्रमुख नमराज ढकालले नयाँ शैक्षिक सत्रको भर्नाका लागि कानुनी रूपमा वैशाखमा समय निर्धारण गरिएको जनाउँदै त्यसअघि औपचारिक रूपमाविद्यार्थीलाई भर्ना लिन नमिल्ने बताए । "नियमले वार्षिक परीक्षा र परीक्षाफल प्रकाशन नगरी भर्ना लिन भन्दैन । परीक्षा र परीक्षाफल प्रकाशन चैतभरि हुन्छ । त्यसपछि भर्ना प्रक्रिया सुरु हुन्छ", उनले भने । प्रमुख ढकालले औपचारिक रूपमा नमिल्ने भर्ना प्रक्रिया सञ्चालन गर्न निजी विद्यालय र अभिभावक दुवै पक्षको समझदारी देखिएको बताए । नियमविपरीत भर्ना गरिएको भन्ने औपचारिक गुनासो आएमा अनुगमन गरी कारबाही गरिने उनले जानकारी दिए । हाल काठमाडौँ महानगरपालिकामा ६७४ संस्थागत (निजी) र ८७ सामुदायिक (सरकारी) विद्यालय सञ्चालित छन् । आधारभूत शिक्षा (कक्षा ८) को नगरस्तरीय परीक्षा सञ्चालन हुन थालेकाले आफूले भर्नाका विषयमा सबै विद्यालयमा अनुगमन गर्न भने नभ्याउने महानगरपालिकाको भनाइ छ । महानगरअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको शैक्षिकसत्र, २०८२ को आधारभूत शिक्षा (कक्षा ८) को परीक्षा तोकिएका ५७ विद्यालयमा आजदेखि सुरु भई यही चैत १२ गतेसम्म सञ्चालन हुँदैछ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) का महासचिव आरबी कटवालले केही विद्यालयले आन्तरिक रूपमा त्यस्ता गतिविधि सञ्चालन गरेको हुनसक्ने सम्भावना नकार्न नसकिने भन्दै यसबारे औपचारिक वा प्रमाणिक जानकारी आफूहरूसँग आइनपुगेको बताए । "प्याब्सनको स्पष्ट धारणा भनेको सधैँ जस्तै, शैक्षिक सत्र औपचारिक रूपमा समाप्त भई अन्तिम नतिजा प्रकाशन भएपछि मात्र नयाँ भर्ना प्रक्रिया सुरु गर्ने भन्ने हो । यससम्बन्धमा आवश्यक कार्यक्रम तथा कार्यतालिका पनि सोही अनुसार तय गरिन्छ", महासचिव कटवालले भने, "यसले शिक्षा नियमावली र पालिकाहरूले जारी गरेका निर्देशनलाई पूर्ण रूपमा समेट्ने र सम्मान गर्ने हाम्रो प्रतिबद्धतालाई पनि प्रतिविम्बित गर्दछ ।" राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (नेसनल प्याब्सन) का अध्यक्ष गीता राणा क्षेत्रीले भर्ना प्रक्रिया सुरु भए पनि पूर्ण भर्ना भने वार्षिक परीक्षा सकिएर लब्धाङ्कपत्र दिएपछि मात्रै हुने जानकारी दिइन् । उनले सामुदायिक विद्यालयमा वैशाखभरि भर्ना गर्ने प्रक्रिया रहने भन्दै निजी विद्यालयका विद्यार्थी र अभिभावकको चाहनाबमोजिम वैशाखाको पहिलो सातादेखि कक्षा सञ्चालन गरिँदै आइएको जनाइन् । सो एसोसिएसनले नयाँ शैक्षिकसत्र हरेक वैशाखमा आरम्भ भई चैतमा सम्पन्न हुने विद्यमान व्यवस्था अनुसार नियमित पठनपाठन र पाठ्यक्रम पूरा गर्न सहज नहुने विषयमा महानगरपालिकाको ध्यानाकर्षण गराएको थियो । नयाँ शैक्षिकसत्र लागेपछि मात्रै भर्ना गराउने भन्ने पालिकाको सूचनाले शैक्षिककसत्रको व्यवस्थापनमा असहजता हुने भएकाले वैशाख अगावैदेखि भर्ना प्रक्रिया सुरु गर्न सहजीकरण गरियोस् भन्ने नेसनल प्याब्सनको माग रहेको छ । नेपाल अभिभावक महासैका अध्यक्ष सुप्रभात भण्डारीले सामुदायिक र निजी विद्यालयमा फरकफरक मितिमा भर्ना हुने खालको अवस्था अन्त्य हुन नसकेको बताउँदै एकरुपताका लागि केन्द्र र स्थानीय सरकारको प्रभावकारी नीति र अनुगमन हुनुपर्नेमा जोड दिए । "निजी विद्यालयमा चैतमा भर्ना सुरु भइसक्यो । सरकारीमा वैशाख २ गतेदेखि भर्ना अभियान सुरु हुन्छ । वैशाखदेखि भनेर शैक्षिकसत्र तोकिएपछि त्यसको पालना हुनुपर्ने हो । यसलाई पालिका अनुसार वा विद्यालयको प्रकार अनुसार खुल्ला छोड्ने वा के गर्ने अब आउने सरकारले स्पष्ट नीति ल्याउँला कि भन्ने आशा गरेका छौँ ।" रोजबर्ड स्कुलका प्रिन्सिपल दामोदर ढुङ्गानाले विगतमा फागुनदेखि भर्ना प्रक्रिया खुल्ने गरेकामा स्थानीय तहको समन्वयमा अहिले चैतदेखि सुरु गरिएको बताउँदै आफूहरूले ऐन, नियम र सरकारका निर्देशनलाई पालना गर्ने स्पष्ट पारे । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार हाल मुलुकभर २६ हजार ६०६ सामुदायिक, सात हजार ८८६ संस्थागत र एक हजार ३८४ धार्मिक विद्यालय छन् । *-रासस*

## एसइई परीक्षा व्यवस्थापनसम्बन्धी कार्यशाला पोखरामा




माध्यमिक शिक्षा परीक्षा (एसइई) सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ पोखरामा दुई दिने कार्यशाला सुरु गरिएको छ । गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत शिक्षा विकास महाशाखाको आयोजनामा एसइई परीक्षा सञ्चालन तथा व्यवस्थापन सुधार कार्यशाला सुरु गरिएको हो । कार्यशालामा शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकार भएका निकायका प्रतिनिधि, शिक्षक, परीक्षा व्यवस्थापनमा संलग्न प्रतिनिधि तथा सम्बन्धित निकायका अधिकारीहरूको सहभागिता छ । कार्यशालाबाट तयार हुने प्रतिवेदनका आधारमा गण्डकी प्रदेश सरकारले शिक्षामा आफ्नो अधिकारअनुरूप काम अगाडि बढाउने र आवश्यक विषयमा केन्द्र सरकारलाई सिफारिस गरिने शिक्षा विकास महाशाखाका प्रमुख दामोदर सुवेदीले जानकारी दिए । विद्यार्थीको रजिस्ट्रेसनदेखि प्रमाणपत्र प्राप्त गर्ने समयसम्म देखिने समस्यालाई सम्बोधन गर्ने गरी नीति तथा व्यवस्थापन सुधार गर्नुपर्ने आवश्यकता उनले औँल्याए । कार्यशालालाई सम्बोधन गर्दै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले एसइई जस्तो महत्वपूर्ण राष्ट्रिय परीक्षालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गले सञ्चालन हुनुपर्नेमा जोड दिइन् । परीक्षा व्यवस्थापनमा संलग्न सरोकारवालाबिच अनुभव आदानप्रदान, समस्या पहिचान तथा समाधानका उपायबारे कार्यशालामा गहन छलफल हुने उनले विश्वास व्यक्त गरिन् । शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीमैत्री र व्यवस्थित परीक्षा प्रणाली विकास गर्नु प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउँदै उनले शिक्षाको गुणस्तर सुधार र परीक्षालाई अझ व्यवस्थित बनाउँदै लैजान प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गरिन् । राष्ट्रिय परीक्षा बोर्डका पूर्वअध्यक्ष डा महाश्रम शर्माले शिक्षाका क्षेत्रमा गण्डकी प्रदेशले आफ्नो अधिकारअनुसार प्रभावकारी काम गरिरहेको बताए । सूचना, सञ्चार तथा प्रविधिमा आएको परिवर्तनलाई आत्मसात् गर्दै परीक्षा प्रणालीलाई अझ व्यवस्थित र अन्तर्राष्ट्रियस्तरको बनाउन निरन्तर मेहनत गर्नुपर्ने उल्लेख गरे । उनले पारदर्शी, व्यावहारिक र व्यवस्थित व्यवस्थापनबाट परीक्षा प्रणालीमा सुधार ल्याउन सकिने धारणा राखे । राष्ट्रिय परीक्षा बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख सुभाष पन्तले एसइई परीक्षालाई प्रविधिमैत्री ढङ्गले व्यवस्थित गर्नतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याए । *-रातोपाटी डटकम*

## जेठाभन्दा कान्छा सन्तान मोबाइल र टिभीमा बढी व्यस्त, पढाइमा कम ध्यान



अस्ट्रेलियामा गरिएको एउटा नयाँ अनुसन्धानले ठूला दाजुभाइ र दिदीबहिनीको तुलनामा उनीहरूका साना भाइबहिनीले स्क्रिन (मोबाइल, टिभी वा ट्याबलेट) मा बढी समय बिताउने र पढाइ लेखाइ जस्ता शैक्षिक गतिविधिमा कम ध्यान दिने देखाएको छ । 'मोनास बिजनेस स्कूलको सेन्टर फर हेल्थ इकोनोमिक्स' ले गरेको यो अध्ययन अनुसार, पहिलो सन्तानको तुलनामा दोस्रो र तेस्रो सन्तानले प्रतिदिन क्रमश: ९ देखि १४ मिनेट बढी समय स्क्रिनमा खर्च गर्छन्। अनुसन्धानकर्ता दानुष जयवर्धनका अनुसार यो समय थोरै देखिए पनि पहिलो बच्चाको औसत स्क्रिन समयको तुलनामा ७ देखि १० प्रतिशतले बढी हो । हप्ताभरिको हिसाब गर्दा साना बच्चाहरूले ठूलाको तुलनामा करिब डेढ घण्टा बढी समय स्क्रिनमा बिताउने गरेको पाइएको छ । यो अतिरिक्त स्क्रिन समयले बालबालिकाको अन्य महत्वपूर्ण क्रियाकलापलाई प्रत्यक्ष असर पुऱ्याइरहेको छ। पछि जन्मेका बच्चाहरूले पढ्ने, गृहकार्य गर्ने, बोर्ड गेम खेल्ने वा सङ्गीत सिक्ने जस्ता 'समृद्ध गतिविधि' मा प्रतिदिन ११ देखि १८ मिनेट कम समय खर्च गर्छन्, जुन ठूला दाजुभाइको तुलनामा ११ देखि २० प्रतिशतले कम हो । २ देखि १५ वर्ष उमेरका करिब ५ हजार ५०० बालबालिकामा गरिएको यो सर्वेक्षणले उनीहरूले बिहान उठेदेखि राति सुत्ने बेलासम्मको समय कसरी व्यवस्थापन गर्छन् भन्ने पक्षलाई मसिनो गरी अध्ययन गरेको थियो। यसमा आमाबाबुको उपस्थितिमा गरिने र एक्लै गरिने क्रियाकलापहरूलाई पनि छुट्टाछुट्टै मूल्याङ्कन गरिएको थियो । अध्ययनको निष्कर्षले के देखाएको छ भने, परिवारको आकार बढ्दै जाँदा आमाबाबुको समय र ध्यान बाँडिने हुनाले साना बच्चाहरूको विकासमा दिइने समय घट्छ। आमाबाबुले पछि जन्मेका सन्तानलाई हुर्काउँदा अलि बढी छुट दिने वा उदार हुने गरेको र स्क्रिन प्रयोगमा खासै कडा नियम नलगाउने गरेको पाइएको छ । यसले गर्दा साना बच्चाहरू सजिलै स्क्रिनको पहुँचमा पुग्छन्। अनुसन्धानकर्ताहरूले आमाबाबुलाई आफ्ना साना सन्तानसँग पनि गुणस्तरीय समय बिताउन, उनीहरूलाई सिर्जनशील काममा प्रोत्साहित गर्न र सबै बच्चाका लागि स्क्रिन समयसम्बन्धी नियमहरू समान र निरन्तर रूपमा लागू गर्न सुझाव दिएका छन् । *-हाम्रा कुरा डटकम*


# विश्व मौसम विज्ञान दिवसको सन्दर्भ




**पाल्पा,** चैत ८/मौसम र जलवायुको आउँदा पुस्तामा पर्ने प्रभावलाई आत्मसाथ गर्दै आज विश्व मौसम विज्ञान दिवस मनाइँदै छ । सन् १९५० मा विश्व मौसम विज्ञान संगठनको स्थापना भएको दिनको सम्झनामा सन् १९६१ देखि हरेक वर्ष मार्च २३ मा नेपालसहित विश्वभर यो दिवस मनाउने गरिन्छ । यस दिनले मानव समाजको सुरक्षा र कल्याणमा मौसम विज्ञान र जल विज्ञान सेवाहरूको योगदानलाई पनि प्रकाश पार्दछ ।

पृथ्वीमा बसोबास गर्ने मानवका लागि यहाँको वायुमण्डल र महासागर साझा रुपमा रहेको छ । यस्तै मौसम, हावापानी तथा जलचक्रलाई कुनै राष्ट्रिय वा राजनीतिक सीमाना थाहा हुँदैन । त्यसैले यसका लागि अन्तर्राष्ट्रिय सहकार्य आवश्यक हुन्छ । दिवसले वर्तमान र भविष्यका पुस्ताहरुका लागि समाजको सेवामा विज्ञानलाई रुपान्तरित गर्दा थप मार्गदर्शन गर्न सक्ने विश्वास गर्न सकिन्छ । शान्तिपूर्ण र दिगो समाजका लागि विज्ञानको भूमिकाबारे जनचेतना फैलाउँदै देशहरूबीच साझा विज्ञानको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय एकता बनाउन दिवसले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । विश्व मौसम विज्ञान संगठनद्वारा संकलित तथ्याङ्क बिना, सही र दैनिक रुपमा मौसम पूर्वानुमान प्राप्त गर्न असम्भव हुन्छ । मौसम सम्बन्धी डाटाले हामीलाई मौसमको क्षति ट्र्याक गर्न, सम्पूर्ण दिनहरूको योजना बनाउन र प्राकृतिक प्रकोपहरूको बारेमा चेतावनी दिन मद्दत गर्दछ । यी नै डाटाको कारणले गर्दा मानिसहरूलाई बाहिर निकाल्न वा आवश्यक आँधीको तयारी गर्न पर्याप्त समय दिएर ठूलो आँधीको भविष्यवाणी गर्न पनि यसले मद्दत गर्दछ । मानव जाती अहिले प्रविधि विकासको उच्च विन्दुमा रहे पनि त्यसको समुचित प्रयोग गर्न नजान्दा वा हेल्चेक्रयाइँ गर्दा अस्तित्व संकटमा परेको छ । साथै प्रविधि विकासमा अब्बल सावित भएका राष्ट्रहरू पनि वातावरणीय र पर्यावरणीय संरक्षणमा उदासीन हुँदा मानव जातीसँगै पृथ्वीकै अस्तित्व संकटमा परेको कुरा पछिल्लो समय वातावरणमा देखिएको अप्रत्यासित परिवर्तनले पुष्टि गरेको छ । हरितगृह ग्यास उत्सर्जनका कारण अहिले मौसम चरम अवस्थामा पुग्दैछ । महासागरमा गर्मी बढेको छ भने अधिक अम्लीयपन बढेको छ । समुद्रको स्तर बढेको छ, हिमनदी तथा हिउँ पग्लिनेक्रम बढेर गएको छ । मौसम परिवर्तनको दर तीव्ररुपमा बढ्दै गएको छ । यस अवस्थामा हरितगृह उत्सर्जनलाई न्यूनीकरण गर्न तथा यसलाई सुनिश्चित गर्न तत्काल प्रभावकारी कदम उठाउन आवश्यक छ । भावी पुस्ता जीवित रहने र हुर्कन सक्ने वातावरणको सुनिश्चितता अहिले नै गरिनु पर्छ । यसो गर्न सकियो भने मात्र हरेक वर्ष विश्व मौसम विज्ञान दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

# दाङको दुर्गम सैघामा विद्युत् सेवाको पहुँच



**घोराही (दाङ),** चैत ८/यहाँको घोराही उपमहानगरपालिका-१९ अन्तर्गत पर्ने सैघामा विद्युत् सेवाको पहुँच पुगेको छ । विद्युत् सेवा विस्तारसँगै स्थानीय खुसी भएका छन् । सैघा बोल्दीका स्थानीय धनबहादुर सार्कीका अनुसार गाउँमा विद्युत् सेवा पुगेपछि सबैभन्दा राहत भएको छ । उनको घरमा करिब एक महिनाअघि मात्र विद्युत्को सेवा पुगेको उनले बताए ।

"पहिले अँध्यारोमा बस्नुपर्थ्यो । बालबालिकाले टुकी वा सोलारको भरमा पढ्नुपर्थ्यो", उनले भने, "अहिले घरमा बत्ती बल्दा सहज भएको छ ।" उहाँका अनुसार मोबाइल चार्ज गर्नकै लागि करिब ३० मिनेट टाढाको गाउँ जानुपर्ने बाध्यता थियो । गाउँमा विद्युत् पुगेपछि अहिले त्यो समस्या अन्त्य भएको छ । घरमा कोही बिरामी पर्दा रातिको समयमा उज्यालोको व्यवस्था गर्न कठिन हुने गरेको थियो । एकपटक बिरामी पर्दा घोराही बजारबाट सोलार ल्याएर बालेको दिन अझै सम्झनामा छ । उपमहानगरपालिकाभित्र बसोबास गरेपनि आधारभूत सेवा नपाउँदा आफूहरू उपेक्षित महसुस गर्दै आएको उनकोगुनासो छ । स्थानीयहरूका अनुसार विद्युत् सेवा नहुँदा साना व्यवसाय सञ्चालन गर्न पनि असहज थियो । मिल, सिलाइकटाइ, कम्प्युटर सेवा, वेल्डिङजस्ता काम सम्भव थिएनन् । अब भने केही सहज भएको छ । युवाहरूले गाउँमै केही गर्न सक्ने वातावरण बन्दै गएको स्थानीयको भनाइ छ । घोराही-१९ का वडाध्यक्ष ज्ञानबहादुर रायमाझीले वडाका सबै बस्तीमा विद्युत् सेवा विस्तार गर्ने लक्ष्यका साथ काम अघि बढाइएको बताउनुभयो । यसका लागि आफू लागिपरेको उनले बताए । आफू निर्वाचित भएपछि २०७९ सालमा रु तीन करोड ६७ लाख लागतमा ठेक्का आह्वान गरी विद्युतीकरणको काम सुरु गरेको उनी बताउछन् ।त्यसअघि प्रयास गरिए पनि सार्थकता पाउन सकेको थिएन । बाँकी रहेका ठाउँमा विद्युत् पुर्याउन २०८० सालको अन्त्यतिर पुन: अर्को ठेक्का प्रक्रियामार्फत कामलाई निरन्तरता दिइएको उनले जानकारी दिए । तर ठेक्दार कम्पनीले समयमा काम नगर्दा योजना प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको उनले बताए। नागरिकको घरमा छिटो विद्युत् पुर्याउने आफूहरूको योजनामा यसले समस्या भएको अध्यक्ष रायमाझीको भनाइ छ । उनका अनुसार सैघामा धेरै बस्तीमा बिजुली बलेको छ तर लिथान, सातम, डाँडागाउँ, पाँचपोखरी र धनचौरलगायत बस्तीमा अझै सेवा पुग्न सकेको छैन । ती क्षेत्रमा काम छिटो सम्पन्न गर्न दबाब दिइरहेको उनले बताए । स्थानीयको अपेक्षा भने अब विद्युत्सँगै अन्य पूर्वाधार विकासमा पनि ध्यान दिनुपर्नेछ । यस वडा पहाडी क्षेत्र भएकाले सडक, खानेपानी, स्वास्थ्य सेवा र शिक्षा क्षेत्रमा समेत सुधार आवश्यक रहेको उनीहरूको भनाइ छ । *-रासस*

## खेलकुद समाचार

# एसियन कप फुटबलको उपाधि जापानलाई



**काठमाडौं,** चैत ८/एएफसी महिला एसियन कप फुटबल प्रतियोगिताको उपाधि जापानले जितेको छ । शनिबार अस्ट्रेलियाको सिड्नीमा भएको फाइनल खेलमा जापानले अस्ट्रेलियालाई १-० ले पराजित गर्दै उपाधि जितेको हो । जापानको जितमा माइका हमानोले पहिलो हाफमै गरेको गोल निर्णायक बन्यो । उनले खेलको १७ औँ मिनेटमा गोल गरिन् । खेलको अन्तिम १० मिनेटमा अस्ट्रेलियाले बराबरी गोलका लागि निरन्तर दबाब बनाए पनि सफल हुन सकेन । यसभन्दा पहिले पनि जापानले सन् २०१४ र २०१८ मा फाइनलमा अस्ट्रेलियालाई हराउँदै उपाधि जितेको थियो । पछिल्ला चार संस्करणमध्ये तीन पटक उपाधि जित्दै जापानले एशियाली महिला फुटबलमा आफ्नो प्रभाव जमाएको छ । सन् २०१० पछि उपाधि जित्ने प्रयासमा रहेको अस्ट्रेलिया यसपटक असफल रह्यो । प्रतियोगिताबाट शीर्ष ६ टोली आउँदो वर्ष ब्राजिलमा हुने फिफा महिला विश्वकपका लागि छनोट भएका छन् । १२ टोली सहभागी प्रतियोगितामा इरान महिला राष्ट्रिय फुटबल टोलीको सहभागिताले पनि अन्तर्राष्ट्रिय ध्यान तानेको थियो । टोली फेब्रुअरी २८ अघि नै अस्ट्रेलिया पुगेको थियो, त्यसपछि शुरु भएको मध्यपूर्वी युद्धका कारण परिस्थिति थप संवेदनशील बनेको छ । इरानी टोलीका सात सदस्यले शुरुमा अस्ट्रेलियामा शरण मागेका थिए, तर पछि दुई जना खेलाडी बाहेक सबै स्वदेश फर्किएका थिए ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि



**पाल्पा,** चैत ८/साताको कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । आइतबार नेप्से परिसूचक ५४ दशमलव ५१ अङ्क अर्थात् एक दशमलव ८९ प्रतिशतले बढेर दुई हजार ९३१ दशमलव ५५ को बिन्दुमा कायम भएको छ ।

आइतबार विभिन्न ३६४ कम्पनीका छ करोड १४ लाख सात हजार ७४ कित्ता शेयर दुई लाख चार हजार ९५५ पटक खरिदबिक्री हुँदा रू २३ अर्ब ५९ करोड ७७ लाख १२ हजार १८२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । आइतबारको कारोबारमा व्यापार समूह शून्य दशमलव ११ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै लघुवित्त समूह चार दशमलव २१ प्रतिशतले बढेको छ । बैंकिङ दुई दशमलव ४९, विकास बैंक दुई दशमलव ४६, वित्त दुई दशमलव १३, होटल तथा पर्यटन तीन दशमलव ०५ र जलविद्युत् समूह शून्य दशमलव ५५ प्रतिशतले बढेको छ । त्यस्तै, लगानी शून्य दशमलव ७७, जीवन बीमा दुई, उत्पादन तथा प्रशोधन एक दशमलव ९३, म्युचुअल फन्ड एक दशमलव २४ र निर्जीवन बीमा समूह दुई दशमलव ७२ प्रतिशतले बढेको छ । नेप्सेका अनुसार छ वटा कम्पनीको शेयर मूल्यमा सर्किट लागेको छ । कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, सलपा विकास बैंक लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड, सोलु हाइड्रोपावर लिमिटेड र भुजुङ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने एनआईसी एसिया ब्यालेन्स फन्डको शेयर मूल्य पाँच दशमलव ७१ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आइतबार सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको रू ८५ करोड ९६ लाख १५ हजार ६८३ बराबरको ३५ लाख ४६ हजार ८५३ कित्ता शेयर खरिदबिक्री भएको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई